# विषयसूची


*भूमिका : डब्ल्यू. वाई इभान्स-वेन्ज* ix

*चित्रसूची* xvi

**अध्याय**

१. मेरा आमा-बाबु र प्रारम्भिक जीवन १

२. आमाको स्वर्गवास र रहस्यमय जन्तर १६

३. दुइटा जीउ भएका सन्त (स्वामी प्रणवानन्द) २५

४. हिमालयतिर पलायनको मेरो असफल प्रयास ३४

५. एक जना 'अत्तरे महात्मा' को चमत्कार ५१

६. बाघ स्वामी ६२

७. हावामा स्थिर रहने साधु (नगेन्द्रनाथ भादुडी) ७३

८. भारतका महान् वैज्ञानिक जे. सी. बोस ८१

९. परमसुखी भक्त र उनको दिव्य प्रेम (मास्टर महाशय) ९३

१०. मेरो गुरु श्रीयुक्तेश्वरसँग भेट १०३

११. दुई बेखर्ची युवकहरू वृन्दावनमा ११७

१२. गुरुको आश्रममा केही वर्ष १२८

१३. निद्राहीन सन्त (रामगोपाल मजुमदार) १६८

१४. ब्राह्मचैतन्यको अनुभव १७७

१५. फूलकोपीको चोरी १८७

१६. ग्रहहरूलाई शान्त पार्नु २०२

१७. शशी र तीनवटा नीलमहरू २१७

१८. चमत्कारी मुसलमान (अफजल खाँ) २२६

१९. गुरुदेव कलकत्तामा, प्रकट हुनुभयो श्रीरामपुरमा ! २३४

२०. हामी कश्मीर गएनौं २३९

२१. हामी कश्मीर गयौं २४६

२२. ढुङ्गाको मूर्तिको हृदय २५८

२३. मैले विश्वविद्यालयको उपाधि पाएँ २६६

२४. मैले सन्न्यास ग्रहण गरें २७५

२५. दाजु अनन्त र बहिनी नलिनी २८६

२६. क्रियायोगविज्ञान २९३

२७. राँचीमा योग विद्यालयको स्थापना ३०६

२८. काशीको पुनर्जन्म र फेला पर्नु ३१७

२९. रवीन्द्रनाथ टयागोर र म विद्यालयको तुलना गर्छौं ३२३

३०. चमत्कारको नियम ३२९

३१. पवित्र आमासँग साक्षात्कार (काशीमणि लाहिडी) ३४६

३२. मृत रामलाई जीवनदान ३६०

३३. बाबाजी : आधुनिक भारतका महावतार ३७१

३४. हिमालयमा दरबारको प्रकटीकरण ३८२

३५. लाहिडी महाशयको प्रभूत जीवन ३९९

३६. पश्चिमी देशहरूप्रति बाबाजीको रुचि ४१५

३७. मेरो अमेरिकायात्रा ४२८

३८. लुथर बरब्याङ्क : गुलाफका बीच एक सन्त ४३९

३९. थेरेस न्युम्यान, क्राइस्टको घाउको खत भएकी क्याथोलिक सन्त ४४७

४०. म भारत फर्किएँ ४५९

४१. दक्षिण भारतको काव्यमय दृश्य ४६९

४२. मेरा गुरुसँगका अन्तिम दिनहरू ४८६
४३. श्रीयुक्तेश्वरजीको पुनर्जीवन ५०५
४४. महात्मा गान्धीसँग वर्धामा ५३०
४५. बङ्गालकी 'आनन्दमयी माता' ५५४
४६. निराहारी महिला सन्त (गिरिबाला) ५६१
४७. म पश्चिम फर्किएँ ५७६
४८. क्यालिफोर्निया, एन्सिनिटासमा ५८३
४९. वर्ष १९४०–१९५१ ५८८

परमहंस योगानन्द : जन्म र मृत्युमा योगी ६०८
परमहंस योगानन्दको सम्मानमा भारत सरकारले जारी गरेको हुलाक टिकट ६०९
योगदा सत्सङ्ग सोसाइटी अफ इन्डियाको उद्देश्य र आदर्श ६११
अनुक्रमणिका ६१३

अध्याय १

# मेरा आमा–बाबु र प्रारम्भिक जीवन

परमतत्त्वको खोजी र सहवर्ती गुरु*-शिष्य सम्बन्ध प्राचीनकालदेखि नै भारतीय संस्कृतिको विशेष गुण रहिआएका छन्।

मेरो लक्ष्यले पनि मलाई एक जना यस्ता भगवत्-स्वरूप ऋषिसम्म पुऱ्याइदियो जसको जीवन युगानयुगका लागि आदर्शले भरिएको थियो। उहाँ महान् विभूतिहरूमध्ये एक हुनुहुन्थ्यो जो भारतवर्षका सच्चा सम्पत्तिमध्ये एक हुनुहुन्छ। प्रत्येक युगमा अवतरित भएर उहाँहरूले आफ्नो देशलाई त्यस दुर्दिनबाट रक्षा गर्नुहुन्छ, जसलाई प्राचीन मिस्र र बेबिलोनले भोग्नुपऱ्यो।

आफ्नो शिशु अवस्थामा मलाई पूर्वजन्मको एउटा स्मृति आइरहन्थ्यो। मलाई एउटा यस्तो प्राचीन जन्मको सम्झना थियो, जब म हिउँले ढाकिएको हिमालमा निवास गर्ने एउटा योगी† थिएँ। अतीतका यी झल्काहरूले कुनै अपरिमित संयोगद्वारा मलाई भविष्यको पनि आभास गराइदिएका थिए।

म आफ्नो बालककालका असहाय अवस्थाहरूलाई अझ पनि सम्झिन्छु। त्यस बेला म हिँड्न नसक्ने र आफ्ना भावनाहरूलाई प्रकट गर्न नसक्ने पीडाले अभिभूत रहन्थें। आफ्नो शारीरिक दुर्बलताको बोध हुनासाथ मेरो मनमा प्रार्थनाहरू प्रस्फुटित हुन थाल्थे। मेरा शक्तिशाली आवेगहरू मानसिक रूपमा विभिन्न भाषामा प्रकट हुन्थे। वाणीको

* आध्यात्मिक गुरु। ‘गुरुगीता’ (सत्रौं छन्द) मा गुरुलाई ‘अन्धकार हटाउने (गु अर्थात् ‘अन्धकार’, रु अर्थात् ‘जसले हटाउँछ’) भनी सटीक व्याख्या गरिएको छ।

† योगको अभ्यास गर्ने, ‘एकात्मता’ ईश्वरको ध्यान गर्ने प्राचीन विज्ञान। (हेर्नुहोस् अध्याय २६ : ‘क्रियायोग विज्ञान’)

आन्तरिक अस्पष्टताका बीचमा बिस्तारै आफ्ना नाता-कुटुम्बले बोलेको बङ्गाली भाषासँग परिचित हुन थालें। यो थियो मेरो शिशु मस्तिष्कको भ्रमित अवस्था! जसलाई प्रौढहरू खेलौना खेल्ने र बूढीऔंला चुस्ने बेला मान्दछन्।

मानसिक उद्वेग र शारीरिक अवरोधले गर्दा म प्राय: रुने गर्दथें। मेरो व्याकुलतामाथि परिवारमा सामान्य रूपले व्याप्त आश्चर्य मलाई याद छ। सुखद स्मृतिहरू पनि थुप्रै छन्, जस्तो कि आमाको मायालु स्याहारसुसार र अस्फुट उच्चारण गर्ने र ताती हिँड्ने मेरो प्रथम प्रयास। प्रायश: चाँडै बिर्सिइन सक्ने यी प्रारम्भिक सफलताहरू अझै आत्मविश्वासका स्वाभाविक आधार हुन्।

मेरा दूरगामी सम्झनाहरू खास बेजोड छैनन्। धेरै योगीहरू 'जीवन' र 'मृत्यु' को नाटकीय परिवर्तनबिना आफ्नो आत्मचैतन्यलाई सँभालिराख्न सफल भएका छन्। मानिस शरीर मात्र भएको भए मृत्युपश्चात् उसको परिचय पनि समाप्त हुने थियो। तर शताब्दियौंदेखि सिद्धपुरुषहरूले सत्यको के प्रतिपादन गरेका छन् भने मनुष्य निश्चय नै अभौतिक सर्वव्यापी आत्मा हो।

असामान्य भए पनि शैशवावस्थाका स्मृतिहरू न्यून छैनन्। अनेकौं देशहरूको यात्रा गर्दा मैले धेरै सत्यनिष्ठ स्त्री-पुरुषहरूका मुखबाट उनीहरूको शैशवावस्थाका संस्मरणहरू सुनेको छु।

मेरो जन्म सन् १८९३ को ५ जनवरीका दिन हिमाल नजिकै उत्तरपूर्वी भारतको गोरखपुरमा भएको थियो। त्यहाँ मेरो जीवनको प्रथम आठ वर्ष व्यतीत भयो। हामी आठ जना सन्तान थियौं–चार छोरा र चार जना छोरी। म, मुकुन्दलाल घोष,* माहिलो छोरो र चौथो सन्तान थिएँ।

* सन् १९१५ मा मैले सन्न्यास धारण गरेपछि मेरो नाम योगानन्दका रूपमा परिवर्तन भयो। सन् १९३५ मा मेरा गुरुले मलाई परमहंसको धार्मिक उपाधि प्रदान गर्नुभयो। (हेर्नुहोस् पृष्ठ २७७ र ४८८)

मेरा मातापिता बङ्गाली छेत्री हुनुहुन्थ्यो। दुवै सन्त प्रकृतिका हुनुहुन्थ्यो। उहाँहरूको शान्त र प्रगाढ दाम्पत्य प्रेममा कहिल्यै कुनै कमी देखिएन। उहाँहरूको वात्सल्यपूर्ण व्यवहारले हामी आठ जना छोराछोर ीहरूको कोलाहलमय वातावरणलाई शान्तिको केन्द्र बनाएको थियो।

पिताजी भगवतीचरण घोष दयालु, गम्भीर र कहिलेकाहीं हठी स्वभावका हुनुहुन्थ्यो। उहाँलाई हामी असाध्यै माया गर्थ्यौं तैपनि हामीबीच एउटा आदरपूर्ण दूरी रहन्थ्यो। पिताजी अद्वितीय गणितज्ञ र तर्कशास्त्रका ज्ञाता हुनुहुन्थ्यो र उहाँ आफ्नो बुद्धिले निर्देशित रहनुहुन्थ्यो। तर आमा हृदय-सम्राज्ञी हुनुहुन्थ्यो र हामीलाई प्रेमको माध्यमले शिक्षा दिनुहुन्थ्यो। उहाँको स्वर्गवासपछि पिताजीको आन्तरिक कोमलता देखिन थाल्यो। मैले अनुभव गरें – कहिलेकाहीं उहाँका आँखामा आमाको छाया झल्किरहेको हुन्थ्यो।

आमाको छत्रछायामा हामीले धर्मग्रन्थहरूको तीतो-मीठो अनुभव गर्ने मौका पायौं। अनुशासनका नियमहरू सिकाउन उहाँ महाभारत र र ामायणका कथाहरूबाट उदाहरण दिनुहुन्थ्यो। यस्ता अवसरहरूमा दण्ड र शिक्षा सँगसँगै चल्दथ्यो।

पिताजीप्रति आदर-सम्मान प्रकट गर्न उहाँ कार्यालयबाट घर आउने बेलामा आमाले हामीहरूलाई फरासिलो लुगा पहिराइदिनुहुन्थ्यो। पिताजी त्यस बेला भारतको सबभन्दा ठूलो कम्पनीमध्ये एक बङ्गाल-नागपुर रेलवेको उपाध्यक्षसरहको पदमा हुनुहुन्थ्यो। कामका सिलसिलामा उहाँ यात्रा गरिरहनुहुन्थ्यो, त्यसैले बाल्यकालमा हाम्रो परिवारले कैयौं सहरहरूमा बस्नुपर्‍यो।

आमा गरिबहरूलाई दान दिन सदा तत्पर रहनुहुन्थ्यो। पिताजी पनि दयालु हुनुहुन्थ्यो, तर उहाँ नियम-कानुनप्रिय भएकाले बजेटको सीमाभित्र रहनुहुन्थ्यो। एक रात आमाले गरिबगुरुवालाई खाना खुवाउँदा पिताजीको मासिक आयभन्दा बढी खर्च हुन गयो।

“मेरो भनाइ यत्ति हो”, पिताज्यूले भन्नुभयो – “आफ्नो दानीपन

उचित सीमाभित्र राख।" पतिको अलिकति पनि गाली आमालाई असहनीय हुन्थ्यो। आफ्ना सन्तानलाई आफ्नो असहमतिको सङ्केत नदिईकनै आमाले बग्गी झिकाउनुभयो।

"नमस्कार, म आफ्नो माइत जान लागें।" उहाँले आफ्नो पुरानो घुर्की देखाउनुभयो।

हामी अन्योलमा परेर रुन थाल्यौं। त्यसै बेला संयोगले हाम्रा मामा आइपुग्नुभयो। उहाँले पिताजीलाई बिस्तारै कानमा आफूले अनुभव गरेको उपयुक्त सल्लाह दिनुभयो। पिताजीले त्यसपछि आमासँग सम्झौताको स्वरमा कुरा गर्नुभयो। आमाले खुसी भएर बग्गीलाई फिर्ता पठाउनुभयो। मैले जीवनमा अनुभव गरेको एकमात्र झगडाको यस प्रकार अन्त्य भयो। तर यस सन्दर्भमा भएको एउटा वार्तालाप अझै सम्झिन्छु।

"कृपा गरी एक जना असहाय नारीलाई सहायता गर्न दस रुपियाँ दिनुहोस्। ऊ भर्खरै हाम्रो ढोकामा आइपुगेकी छ।" आमाको मुस्कानमा बिन्ती लुकेको थियो।

"दस रुपियाँ किन? एकले पुग्छ।" पिताजीले युक्तिसङ्गत कुरा गर्नुभयो। "जब मेरा पिताजी र बाजेबज्यै स्वर्ग हुनुभएको थियो, मैले गरिबीको पहिलो पल्ट अनुभव गरें। मिलौं टाढा स्कुलसम्म हिँडेर जाँदा मेरो बिहानको नास्ता एउटा सानो केरा मात्र हुन्थ्यो। पछि विश्वविद्यालयमा पढ्दा मैले आफ्नो आवश्यकतापूर्तिका लागि एक जना धनी न्यायाधीशसँग एक रुपियाँ मासिक सहायताका लागि बिन्ती गर्नुपर्‍यो। एक रुपियाँ पनि महत्त्वपूर्ण हुन्छ भनेर उनले अस्वीकार गरे।"

"त्यो एक रुपियाँ नपाएको तपाईंलाई कस्तो कटु स्मृति रहेछ !" आमाले तुरुन्त तर्क झिक्नुभयो–"के तपाईं चाहनुहुन्छ त्यो बिचरी गरिब आइमाई पनि दस रुपियाँ नपाएको दुःखद सम्झना सधैं बोक्दै हिँडोस्?"

"तिमीले जित्यौ।" पराजित लोग्नेको अविस्मरणीय भाव चेहरामा ल्याउँदै पिताजीले आफ्नो ब्याग खोल्नुभयो र भन्नुभयो–"ल, यो दस

रुपियाँ त्यसलाई मेरो शुभकामनासहित दिनू।"

कुनै पनि नयाँ प्रस्तावमा पिताजीको 'नाइँ' भन्ने बानी थियो। आगन्तुकले आमाको सहानुभूति सजिलै जित्न सक्ने देख्दा नै पिताजीको सचेत बानीको यो एउटा उदाहरण थियो। तत्काल कुनै कुरा स्वीकार गर्ने उहाँको अनिच्छा वास्तवमा 'कुनै कुरा गर्दा सोची-बिचारी गर्नुपर्छ' भन्ने सिद्धान्तमा आधारित थियो। मैले पिताजीलाई उहाँका निर्णयहरूमा एकदम युक्तिसङ्गत र सन्तुलित पाएँ – मैले आफ्ना मागहरूलाई तर्कसङ्गत ढङ्गले राखेका खण्डमा आफ्नो आकाङ्क्षा पूरा भएको पाएँ, चाहे त्यो बिदामा घुम्न जाने विषयमा होस् वा नयाँ मोटरसाइकल किन्नेबारे होस्।

पिताजी आफ्ना सन्तानहरूप्रति सानै उमेरदेखि पक्का अनुशासनप्रिय हुनुहुन्थ्यो र उहाँ आफू पनि साँच्ची नै एक तपस्वीको जीवन व्यतीत गर्नुहुन्थ्यो। उहाँ कहिल्यै पनि कुनै थिएटर जानुभएन, बरु मनोरञ्जनका लागि आध्यात्मिक साधना र भगवद्गीताको अध्ययन गर्नुहुन्थ्यो। उहाँले समस्त विलासिताको त्याग यहाँसम्म गरिदिनुभएको थियो कि एक जोर जुत्ता नफाटुन्जेल प्रयोग गर्नुहुन्थ्यो। मोटर कारको चलन भएपछि उहाँका छोराहरूले कार किने, तर पिताजी सधैं ट्रामगाडीमै यात्रा गरी सन्तुष्ट रहनुहुन्थ्यो।

पिताजी धनसञ्चयद्वारा शक्ति प्राप्त गर्ने पक्षमा हुनुहुन्नथ्यो। एक पल्ट 'कलकत्ता अर्बन ब्याङ्क' को स्थापनामा सहयोग गरे पनि फाइदा उठाउन आफ्नो नाउँमा 'सेयरहरू' राख्न इन्कार गर्नुभयो। उहाँले खाली समयमा समाजसेवा गर्ने मनसायले मदत गर्नुभएको थियो।

पिताजी रिटायर भएको धेरै वर्षपछि बङ्गाल-नागपुर रेलवे कम्पनीको लेखापरीक्षण गर्न बेलायतबाट एक जना लेखापाल भारत आए। उनी यो कुरा थाहा पाएर आश्चर्यचकित भए कि पिताजीले आफूले पाउनुपर्ने बोनसका निम्ति कहिल्यै आवेदन गर्नुभएको रहेनछ।

"उनी तीन जनाको काम एक्लै गर्दथे।" लेखापालले कम्पनीलाई रिपोर्ट दिए। "उनले १,२५,००० रुपियाँ (४१,२५० डलर) पाउन बाँकी छ।"

खजान्चीले यो रकम पिताजीलाई चेकद्वारा पठाए। पिताजीले यसलाई खास महत्त्व दिनुभएन र परिवारलाई यसबारे केही बताउन पनि बिर्सिनुभयो। धेरै समयपछि मेरा कान्छा भाइ विष्णुले ब्याङ्कको विवरणमा यो रकम भेट्टाएपछि पिताजीसँग यसबारे सोधे।

"भौतिक लाभले किन खुसी हुनु?" पिताजीले भन्नुभयो – "समभाव राख्ने मान्छे लाभमा खुसी हुँदैन र नोक्सानमा पनि दुःखी हुँदैन। उसलाई थाहा छ कि मानिस संसारमा न केही लिएर आउँछ न केही लिएर जान्छ।"

हाम्रा मातापिता बिहे भएको केही समयभित्रै काशीका एक जना महान् गुरु लाहिडी महाशयका शिष्य बन्नुभएको थियो। उहाँको संसर्गले पिताज्यूको सन्त स्वभावलाई झन् दृढ बनाइदियो। एक पल्ट आमाले जेठी दिदी उमालाई बताउनुभएको थियो – "तिम्रा पिताजी र म वर्षमा एक पल्ट मात्र सन्तानोत्पत्तिका लागि सँगै सुत्छौं।"

पिताजीले लाहिडी महाशयलाई पहिलो पटक रेलवेका एक जना कारिन्दा अविनाशबाबूमार्फत भेट्नुभएको थियो। अविनाशबाबू हामी गोरखपुरमा छँदा मलाई बालककालमा भारतका सन्तहरूबारे रोचक कथाहरू सुनाउनुहुन्थ्यो, अनि कथाको अन्त्यमा आफ्ना गुरुको अद्वितीय गौरवमहिमा सुनाउनुहुन्थ्यो।

"के तिमीलाई थाहा छ कस्तो आश्चर्यजनक परिस्थितिमा पिताजी हाम्रा गुरु लाहिडी महाशयका शिष्य बन्नुभएको थियो?" एक दिन अल्छी( लाग्दो गर्मीको दिनमा अविनाशबाबू र म घरको आँगनमा सँगै बसिरहे को बेलामा उहाँले सोध्नुभयो। मैले अगाडि केही थाहा पाउने आशाले मुस्कुराउँदै टाउको हल्लाएँ।

"धेरै वर्षअगाडि, तिमी जन्मेकै थिएनौ, मैले आफ्ना हाकिम–तिम्रा पिताजीसँग काशीमा गुरुकहाँ जानका लागि एक हप्ताको बिदा मागें। तिम्रा पिताजीले मेरो योजना हाँसेर उडाइदिनुभयो।

"'तिमी धार्मिक कट्टरवादी हुन चाहन्छौ?' उहाँले भन्नुभयो–'आफ्नो

काममा ध्यान देऊ यदि अगाडि बढ्न चाहन्छौ भने।'

"म नियास्रो मनले वनको बाटो भएर आफ्नो घर जान लागेको थिएँ, तिम्रा पिताजीलाई पालकीमा गइरहेको भेटें। उहाँले आफ्ना डोके र नोकरहरूलाई पठाइदिनुभयो र मसँगसँगै पैदलै हिँड्न थाल्नुभयो। मलाई आश्वासन दिने निहुँले उहाँ मलाई भौतिक सफलताको फाइदाबारे बताउन थाल्नुभयो, तर म अन्यमनस्क भएर सुनिरहेको थिएँ। मेरो मनले बार म्बार पुकारा गरिरहेको थियो – 'लाहिडी महाशय! म तपाईंलाई नहेरी बाँच्न सक्दिनँ!'

"हामी जाँदा-जाँदा एउटा एकान्त मैदानमा पुग्यौं जहाँ लामा-लामा घाँसका टुप्पामा दिउसोको घाम टल्किरहेको थियो। हामी त्यस मनोरम दृश्यले मोहित भएर अडिएका मात्र के थियौं, अलि अगाडि केही गजको दूरीमा महान् गुरुको दिव्य आकृति सहसा प्रकट भयो!*

"'भवगती, तिमी आफ्ना कारिन्दाहरूप्रति अत्यन्त कठोर छौ।' हाम्रा कानमा उहाँको विस्मयकारी आवाज गुन्जियो। उहाँ जसरी प्रकट हुनुभएको थियो त्यसरी नै रहस्यपूर्ण ढङ्गले अन्तर्ध्यान हुनुभयो। म घुँडा टेकेर बसें र जप्न लागें – 'लाहिडी महाशय! लाहिडी महाशय!' तिम्रा पिताजी आश्चर्यले अवाक् भएर केही बेर उभिइराख्नुभयो।

"'अविनाश, तिमीलाई मात्र होइन म आफूलाई पनि बिदा दिन्छु, भोलि हामीले बनारसका लागि हिँड्नुपर्छ। म ती महान् लाहिडी महा( शयलाई जान्न चाहन्छु जो तिमीलाई सहायता गर्न आफ्नो इच्छाअनुसार कहीं पनि प्रकट हुन सक्नुहुन्छ! म आफ्नी धर्मपत्नीलाई पनि साथै लग्छु र हामीलाई पनि आध्यात्मिक दीक्षाका लागि तिम्रा गुरुसँग बिन्ती गर्नेछु। तिमी हामीलाई उहाँकहाँ लगिदिन्छौ?'

"'अवश्य!' मेरो प्रार्थनाको यति चाँडै चामत्कारिक असर भएकाले र अनुकूल घटनाचक्रले गर्दा मेरो मन प्रसन्नताले भरियो।

* महापुरुषहरूले गर्न सक्ने चमत्कारहरूबारे अध्याय ३० मा 'चमत्कारहरूको नियम' अन्तर्गत व्याख्या गरिएको छ।

"अर्को दिन साँझ तिम्रा मातापिता र म बनारस जान ट्रेनमा चढ्यौं। दोस्रो दिन त्यहाँ पुगेपछि हामीले टाँगामा केही टाढासम्म यात्रा गऱ्यौं र त्यसपछि गल्ली-गल्ली पैदलै गुरुको एकान्त घरसम्म पुग्यौं। उहाँको सानो बैठकमा पुगेपछि पद्मासनमा बस्नुभएका गुरुका अगाडि हामीले शिर झुकायौं। उहाँले मुटुसम्म स्पर्श गर्ने दृष्टिले तिम्रा बुबातिर हेर्नुभयो र भन्नुभयो – 'भगवती, तिमी आफ्ना कारिन्दाहरूप्रति अत्यन्त कठोर छौ।' दुई दिनअगाडि घाँसे चौरमा भन्नुभएको उहाँको वाणी यही थियो। उहाँले फेरि भन्नुभयो – 'अविनाशलाई मकहाँ आउन दिएकोमा र तिमी र तिम्री अर्द्धाङ्गिनी पनि उनीसँगै आएकोमा म खुसी छु।'

"ती महापुरुषबाट क्रियायोग*को आध्यात्मिक दीक्षा पाएर तिम्रा आमाबाबु साह्रै खुसी हुनुभयो। तिम्रा पिताजी र म त्यस चिरस्मरणीय दर्शनको दिनदेखि नै गुरु-भाइका रूपमा अभिन्न मित्र भयौं। लाहिडी महाशयले तिम्रो जन्मका बारेमा विशेष रुचि देखाउनुभएको थियो। तिम्रो जीवन अवश्य उहाँसँग गाँसिएको हुनुपर्छ, महापुरुषको आशीर्वाद कहिल्यै खेर जाँदैन।"

मेरो जन्मको केही दिनपछि लाहिडी महाशयले यो संसार छाड्नुभयो। सुसज्जित फ्रेम भएको उहाँको तस्बिर जहाँ-जहाँ पिताजीको सरुवा भयो त्यहाँ-त्यहाँको घरमा राखिएको हुन्थ्यो। धेरैजसो बिहान र साँझ आमा र म त्यस फोटोका अगाडि ध्यान लगाएर बस्ने गथ्यौ ँ र उहाँका अगाडि चन्दनको लेप लगाइएको सुगन्धित फूल चढाउने गर्दथ्यौं। धूप आदि सुगन्धित चीजद्वारा हामी आफ्नो भक्ति चढाएर ती दै वतुल्य व्यक्तित्वको पूजा गर्दथ्यौं जो लाहिडी महाशयका रूपमा अवतरित हुनुभएको थियो।

उहाँको फोटोले मेरो जीवनमा अपार प्रभाव पारेको थियो। म

* लाहिडी महाशयद्वारा सिकाइएको योगको एउटा विधि जसबाट चित्तको चञ्चलता शान्त हुन्छ र मानिसले 'विश्वचैतन्य' सँग निरन्तर एकाकार हुने मौका पाउँछ। (अध्याय २६ हेर्नुहोस्)

जसो-जसो हुर्किंदै गएँ, उहाँको अनुभूति मसँगै बढ्दै गयो। ध्यान गर्दाखेरि अक्सर उहाँ फोटोबाट आफ्नो सजीव रूप धारण गरेर मेरा अगाडि आएर बस्नुहुन्थ्यो। जब म त्यस मूर्त रूपका गोडामा ढोग्न पुग्थें, त्यो पुन: चित्ररूपमा परिवर्तित हुन्थ्यो। जब म बाल्यावस्थाबाट किशोरावस्थामा पुगें, लाहिडी महाशयको फ्रेममा सीमित सानो चित्र ज्योतिस्वरूप भएर मेरो मानसमन्दिरमा विराजमान् भइसकेको थियो। जुन बेला मैले कुनै सङ्कट या अन्योलको स्थितिको सामना गर्नुपर्दथ्यो, म आफ्नो अन्तरात्मामा उहाँको सान्त्वनाले भरिएको निर्देशन पाउँथें।

सुरुमा उहाँ शरीररूपमा जीवित नरहेकोमा मलाई अपसोच हुन्थ्यो। तर जब मैले उहाँको गुप्त सर्वव्यापकताको अनुभव गर्न लागें, मैले अपसोच गर्न छाडें। उहाँले ती शिष्यहरूलाई, जो उहाँको दर्शन गर्न लालायित रहन्थे, धेरैजसो लेख्ने गर्नुहुन्थ्यो – "मेरो हाड-मासुको रूप हेर्न किन धाउने जबकि म सदासर्वदा तिम्रा कूटस्थको सीमाभित्र रहन्छु?"

अन्दाजी आठ वर्षको उमेरमा लाहिडी महाशयको चित्रका माध्यमले प्राप्त आशीर्वादले म आश्चर्यजनक ढङ्गले भयानक रोगबाट निको भएको थिएँ। यस अनुभवबाट उहाँप्रतिको मेरो प्रेम अझ प्रगाढ भयो। हामी आफ्नो पारिवारिक जग्गा (जमिनदारी) इच्छापुर, बङ्गालमा रहँदा मलाई 'एसियाली' हैजाले समात्यो। मेरो बाँच्ने आस थिएन। डाक्टरहरूले केही गर्न सकेनन्। ओछ्यान नजिक बस्नुभएकी आमाले मलाई मेरो सिरानीमाथि झुन्ड्याइएको लाहिडी महाशयको फोटोतिर हेर्न आग्रह गर्नुभयो।

"मनमनै उहाँलाई प्रणाम गर।" आमालाई थाहा थियो, म हात उठाएर नमस्कार गर्न असमर्थ थिएँ। "यदि तिमीले मनमनै उहाँप्रति आफ्नो सच्चा भक्ति प्रकट गर्न सक्यौ भने तिम्रो जीवनरक्षा हुनेछ।"

मैले उहाँको फोटोतिर एकनासले हेरें र त्यहाँ एउटा तिरमिराउँदो प्रकाश देखें जसले मेरो सारा जीउ र कोठालाई ढाकेको थियो। मेरा बान्ता आउने र रोगका अन्य सम्पूर्ण अनियन्त्रित लक्षणहरू तुरुन्तै हराए; म ठीक भएँ। मलाई शक्ति आएजस्तो भयो र मैले उठेर आफ्नी आमाको

चरण स्पर्श गरेर मेरो ज्यान बचाइदिएकोमा कृतज्ञता प्रकट गरें। आफ्ना गुरुप्रति उहाँको असीम विश्वासको मलाई आभास भयो। आमाले बार म्बार त्यस फोटोलाई ढोग्नुभयो।

“हे सर्वव्यापी गुरुदेव! म हजुरलाई धन्यवाद दिन्छु किनभने हजुरकै ज्योतिले मेरो छोरो निको भयो!”

जुन अलौकिक प्रकाशले गर्दा म निको भएको थिएँ त्यो प्रकाश कोठामा व्याप्त भएको उहाँले पनि अनुभव गर्नुभएको रहेछ।

मसँग भएको सबभन्दा मूल्यवान् वस्तु त्यही फोटो हो जुन लाहिडी महाशयले स्वयम् पिताजीलाई दिनुभएको थियो जसमा एउटा पवित्र स्पन्दन छ। यस चित्रको एउटा चामत्कारिक पृष्ठभूमि छ। मैले यो कथा पिताजीका गुरुबन्धु कालीकुमार रायबाट सुनेको हुँ।

यस्तो लाग्छ, लाहिडी महाशय आफ्नो फोटो खिचाउन मन पराउनुहुन्नथ्यो। उहाँको असहमति भए पनि एक पल्ट उहाँको र उहाँका शिष्यहरूको एउटा सामूहिक फोटो, जसमा कालीकुमार राय पनि हुनुहुन्थ्यो, खिचियो। फोटोग्राफरको आश्चर्यको सीमा रहेन, जब उसले देख्यो कि सबै शिष्यहरूको फोटो त राम्रै आएको थियो तर जहाँ लाहिडी महाशय बस्नुभएको थियो त्यो ठाउँ एकदम खाली थियो। यस आश्यचर्यलाग्दो घटनाको खुब चर्चा भयो।

एक जना छात्र, गङ्गाधरबाबू जो आफैं एक सिपालु फोटोग्राफर थिए, ले दाबी गरे कि उनी लाहिडी महाशयको चित्र खिच्न अवश्य सफल हुनेछन्। दोस्रो दिन बिहान गुरुदेव काठको बेन्चमाथि पद्मासन लगाएर बस्नुभएको थियो, पछाडि पर्दा टाँगिएको थियो। गङ्गाधरबाबू आफ्नो फोटो खिच्ने सामानसहित त्यहाँ आइपुगे। उनले सफलता प्राप्त गर्न बडो लोभले सावधानीसाथ बाह्रवटा फोटो खिचे। हरेक फोटोमा काठको बेन्च र पर्दा त छापियो तर लाहिडी महाशयको छवि फेरि गायब थियो।

मानमर्दनले गर्दा गङ्गाधरबाबूका आँखा आँसुले भरिए; उनी गुरुदे वकहाँ पुगे। धेरै बेरपछि लाहिडी महाशयले आफ्नो मौनता भङ्ग गर्दै

भन्नुभयो – "म आत्मा हुँ। के तिम्रो क्यामेराले सर्वव्यापी अगोचरको चित्र खिच्न सक्छ?"

"त्यो असमर्थ छ भन्ने कुरा मैले देखें। तर हे पवित्रात्मा, तपाईंको शरीररूपी मन्दिरको चित्र प्राप्त गर्ने मेरो ठूलो आकाङ्क्षा छ। मेरो दृष्टि सङ्कुचित थियो। आजसम्म मैले बुझ्न सकेको थिइनँ कि तपाईंभित्र 'विराट् आत्मा' को निवास छ।"

"त्यसो भए भोलि बिहान आऊ। म तिमीलाई फोटो खिच्न दिन्छु।"

फोटोग्राफरले फेरि फोटो खिचे। तर यस पालि ती पवित्र महापुरुषको छविलाई रहस्यमय अगोचर आवरणले ढाकेको थिएन। त्यसपछि गुरुदेवले कुनै फोटो खिचाउनुभएन। कमसेकम मैले उहाँको अर्को चित्र देखेको छैन।

उक्त चित्र यस पुस्तकमा पनि छापिएको छ।* लाहिडी महाशयको विश्वजनीन गौरवर्ण सौम्य आकृतिलाई हेर्दा उहाँ कुन कुलका हुनुहुन्छ भन्ने सहजै अनुमान लगाउन सकिँदैन। उहाँको गूढ मुस्कानभित्र ईश्वर-साक्षात्कार आनन्दको अलि-अलि झल्को देखिन्छ। उहाँका अर्द्धोन्मीलित आँखाले बाह्य संसारमा किञ्चित् अभिरुचि र अर्द्धमुदित आँखाले उहाँको आत्मानन्दमा लीनताको सङ्केत दिन्छन्। क्षुद्र सांसारिक प्रलोभनहरूबाट मुक्त उहाँ सदैव जागृत रही आध्यात्मिक खोजीमा आउने जिज्ञासुहरूलाई आशीर्वाद प्रदान गर्न तत्पर रहनुहुन्थ्यो।

गुरुदेवको चित्रको महिमाले मलाई स्वास्थ्यलाभ भएको केही दि(

* फोटो परिशिष्टको पृष्ठ ९ मा हेर्नुहोस्। पृष्ठ १० मा छापिएको श्री श्री लाहिडी महाशयको पेन्टिङ (चित्राङ्कन) पनि हेर्नुहोस्। सन् १९३५–३६ मा परमहंस योगानन्दजीले एक जना बङ्गाली कलाकारलाई मूल फोटोबाट चित्र तयार गर्न निदेश दिनुभयो र पछि यो चित्र YSS/SRF का प्रकाशनहरूमा लाहिडी महाशयको आधिकारिक फोटोका रूपमा स्वीकृत भयो। यो चित्र माउन्ट वासिङ्गटनस्थित परमहंसजीको बैठक कोठामा सुशोभित छ। (प्रकाशकको टिप्पणी)

नपछि गुरुको प्रभावोत्पादक आध्यात्मिक दर्शन प्राप्त भयो। एक दिन म बिहान आफ्नो ओछ्यानमा बसेर गहन ध्यानमा लीन थिएँ।

'चिम्लिएका आँखापछाडिको अन्धकारभित्र के छ?' यो खोजपूर्ण विचार मेरो मनमा तीव्र रूपले जागृत भयो। तुरुन्तै मेरो अन्तर्दृष्टिमा प्रकाशको प्रखर आभा प्रकट भयो। हिमालयका गुफाहरूमा ध्यानमुद्रामा बसेका सन्तहरूका दिव्य आकृति मेरो ललाटभित्रको विशाल ज्योतिपटलमा सिनेमा-चित्रझैं दृष्टिगोचर हुन थाले।

"तपाईंहरू को?" मैले ठूलो स्वरमा सोधें।

"हामीहरू हिमालयका योगी हौं।" दिव्य आत्माहरूले दिएको उत्तर स्वर्गिक र वर्णनातीत थियो। मेरो मन आनन्दले पुलकित भयो।

"ओहो, म पनि हिमालय जान र तपाईंहरूजस्तै बन्न उत्सुक छु!" दृश्य अदृश्यमा विलीन भयो तर रुपौला किरणहरू विस्तृत हुन थालेर अनन्तमा फैलिए।

"यो अनौठो उज्यालो के हो?"

"म ईश्वर* हुँ। म ज्योति हुँ।" यो आवाज बादलको जस्तो गम्भीर थियो।

"म तपाईंसँग एकाकार हुन चाहन्छु।"

यद्यपि त्यो ईश्वरीय आनन्द बिस्तारै क्षीण हुँदै गयो, तर त्यसले मलाई ब्रह्मको स्थायी खोजको प्रेरणा प्राप्त भयो। 'त्यो शाश्वत हो, सत्-चित्-आनन्द हो।' त्यस आनन्ददायी क्षणको स्मृति मेरो मनमा कैयौं दिनसम्म रह्यो।

बालककालको एउटा अर्को स्मृति साँच्ची नै उल्लेखनीय छ; किनभने

* ब्रह्माण्डका शासक भगवान्को संस्कृत नाम जो संस्कृतको 'ई' धातुबाट निःसृत हो जसको अर्थ 'शासन गर्नु' हुन्छ। हिन्दू धर्मग्रन्थहरूमा भगवान्का सहस्रौं नाउँ पाइन्छन्। हरेकको भिन्नै दार्शनिक अर्थ हुन्छ। ईश्वरका रूपमा भगवान् ती हुन् जसको इच्छाले समस्त ब्रह्माण्डको सुनियोजित क्रमसित उत्पत्ति र विनाश हुन्छ।

त्यो घाउको खत अझसम्म मेरो जीउमा छ। मेरी जेठी दिदी उमा र म एक दिन बिहानीपख गोरखपुरको घरको आँगनमा नीमको रूखमुनि बसेका थियौं। केही पर सुगाहरू मारगोसा फल खाँदै थिए। मेरी दिदी मलाई बङ्गाली भाषाको पहिलो पुस्तक पढ्न मदत गर्दै हुनुहुन्थ्यो।

उमा दिदीले उहाँको गोडामा घाउ भएको कुरा बताउनुभयो र मलमको बट्टा लिएर आउनुभयो। मैले पनि आफ्नो पाखुरामा अलिकति मलम दलें।

"तिमी केही नभएको पाखुरामा किन मलम लगाइरहेका छौ?"

"दिदी, कुरा के हो भने मलाई लागिरहेको छ भोलि मलाई यहाँ खटिरो निस्कनेछ। म तपाईंको मलमको परीक्षण गर्दै छु जहाँ खटिरो निस्किने भएको छ।"

"फटाहा कहींको!"

"दिदी, भोलि बिहान के हुनेछ नहेरेसम्म मलाई फटाहा नभन्नुहोस्।" मलाई पनि रिस उठ्यो। उमा दिदीलाई मेरो कुराले अलिकति पनि प्रभाव पारेन र तीन पटक उहाँले मलाई व्यङ्ग्य गर्नुभयो। अनि मैले आफ्नो आवाजमा दृढ निश्चय झल्काउँदै बिस्तारै जवाफ दिएँ।

"म आफ्नो इच्छाशक्तिको बलले भन्दै छु, भोलि यहाँ एउटा ठूलो खटिरो निस्किनेछ जहाँ मैले मलम दलेको छु। अनि तपाईंको खटिरो अहिलेको भन्दा दोब्बर ठूलो हुनेछ।"

भोलिपल्ट बिहान मेरो पाखुरामा एउटा ठूलो खटिरो निस्क्यो। दिदी उमाको खटिराको आकार पनि दोब्बर भयो। चिच्याउँदै उमा दिदी आमाछेउ जानुभयो – "मुकुन्द त जादुगर भएछ!" आमाले मलाई गम्भीर भएर आफ्नो शब्दशक्तिको प्रयोग कसैलाई हानि पुऱ्याउन नगर्न आदेश दिनुभयो। मैले आमाको शिक्षा सधैं याद राखें र त्यसको पालन गरें।

मेरो खटिराको शल्यक्रियाद्वारा उपचार गर्नुपऱ्यो जसको स्पष्ट खत अझै पनि छ। मेरो दायाँ पाखुरामा भएको यस खतले मनुष्यमा निहित

शब्दशक्तिको स्मरण गराउँछ।

उमा दिदीलाई भनिएका ती साधारण र अहानिकर शब्दहरू, जसलाई गहन एकाग्रताका साथ उच्चारण गरिएको थियो, बमजस्तो विस्फोट गर्न सक्ने र निश्चित प्रभाव उत्पन्न गर्ने पर्याप्त शक्तिले पूर्ण थिए। पछि मैले बुझें कि कसैको जीवनलाई सङ्कटबाट बचाउन वाण(ीको विस्फोटक स्पन्दनशक्तिको बुद्धिमानीपूर्वक कुनै घाउ-खतबिना प्रयोग गर्न सकिन्छ।*

मेरो परिवार लाहोर (पन्जाब) सऱ्यो। त्यहाँ मैले देवी काली†का रूपमा 'जगन्माता' को एउटा चित्र पाएँ। हाम्रो घरको बरन्डामा एउटा सानो अनौपचारिक मन्दिरमा यसको स्थापना गरियो। मेरो मनमा अचानक यो गहिरो विश्वास उत्पन्न भयो कि त्यस ठाउँमा गरिएको मेरो प्रत्येक प्रार्थना अवश्य पूरा हुनेछ। म एक दिन उमा दिदीसँग त्यहीं उभिएर दुई जना केटाहरूलाई दुइटा घरका कौसीमा चङ्गा उडाइरहेको हेर्दै थिएँ। उनीहरूका घर र हाम्रो घर एउटा साँघुरो गल्लीले विभाजित थिए।

"तिमी यति शान्त किन छौ?" दिदीले मलाई गिज्याउँदै धकेल्नुभयो।

"म यही सोचिरहेको छु, यो कति अचम्मको कुरा हो, म जे माग्छु जगन्माताले त्यो मलाई दिन्छिन्।"

"मलाई लाग्छ, उनले तिमीलाई ती दुवै चङ्गाहरू दिनेछिन्।" दिदीले मेरो उपहास गर्दै भन्नुभयो।

* ध्वनिको अनन्त क्षमता 'सर्जक शब्द' 'ॐ' बाट उद्भूत हुन्छ जो सबै अणुशक्तिहरूपछाडि रहेको विराट् स्पन्दनशक्ति हो। स्पष्ट अनुभूति र गहन एकाग्रताका साथ बोलिएको कुनै पनि शब्दमा फलीभूत हुने शक्ति हुन्छ। जोडले या बिस्तारै बोलिएका प्रेरणास्पद शब्दहरूको उच्चारण मनोचिकित्साका विभिन्न पद्धतिहरूमा प्रभावकारी भएको देखिन्छ। यसको रहस्य मनको स्पन्दनगतिलाई तीव्रता दिने कुरामा लुकेको छ।

† 'काली' शाश्वत प्रकृतिमाताका रूपमा ईश्वरको प्रतीक हो।

“किन होइन त!” म ती चङ्गाहरू पाउन चुपचाप प्रार्थना गर्न थालें।

भारतमा चङ्गा उडाउने प्रतियोगिता हुन्छ। धागोमा ‘माझा’ लगाइएको हुन्छ। प्रत्येक खेलाडीले अर्काको धागो काट्ने प्रयास गर्छ। ती कटेका चङ्गाहरू जब तल कौसीतिर झर्छन्, तिनलाई समात्न बडो रमाइलो हुन्छ। म र दिदी यस्तो छानो भएको बरन्डामा उभिएका थियौं जहाँ कुनै पनि चङ्गा आउन असम्भव लाग्थ्यो, किनभने चङ्गाको धागो छानालाई छुँदै गल्लीतिर खस्दथ्यो।

गल्लीपारि चङ्गाहरूको प्रतियोगिता सुरु भयो। एउटा चङ्गा कट्यो; तुरुन्तै त्यो चङ्गा मपट्टि आउन थाल्यो। सहसा हावा बन्द भएकाले चङ्गा बीचैमा स्थिर भयो, यसबीच यसको धागो सामुन्नेको घरको माथिल्लो तलामा राखिएको क्याक्टसको काँडामा अल्भियो। मलाई चङ्गा समात्न सजिलो भयो। मैले यो उपहार उमा दिदीलाई दिएँ।

“यो असाधारण संयोगले भएको हो, तिम्रो प्रार्थनाको फल होइन। अर्को चङ्गा पनि तिमीले पाउन सक्यौ भने मात्र म पत्याउँछु।”

दिदीका काला आँखाबाट उहाँका शब्दहरूभन्दा बढी आश्चर्य प्रकट भइरहेको थियो। म पूरा तन्मयताका साथ प्रार्थना गर्दै रहें। एउटा चङ्